नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

## आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक

दो.चौ. सूचना नं. ८

पुन: प्रकाशित मितिः २०७७।१०।२९

**विषयः साना अनुदान कार्यक्रमका लागि पोषण समुहहरुलाई व्यवसाय प्रस्ताव पेश गर्ने बारे पनुः प्रकाशित सूचना ।**

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक को आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्भाग ग अन्तर्गत पोषण मैत्री प्रविधिहरु र असल अभ्यासहरु अवलम्बन गर्न चाहने र पोषण सुरक्षा सुधार सम्बन्धी साना तथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७७ उल्लेखित परिच्छेद-३ दफा १० (२) मा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न ईच्छुक पोषण समूहहरुलाई साना अनुदान कार्यक्रममा लगानी सहयोगमा सहभागिताको लागि आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र मिति २०७७।१०।२८ गते सम्म व्यवसाय प्रस्ताव पेश गर्न सूचना आव्हान गरिएको समय अवधि भित्र आवेदन नपरेको हुँदा यो सूचना मिति २०७७।१०।२९ बाट लागु हुने गरि ३० दिनको समय थप गरि पुन: प्रकाशन गरिएकोछ। यस आयोजना अन्तर्गत गाउँपालिकामा गठन तथा दर्ता भई परिचालन भएका पोषण समूहहरुले साना तथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७७ मा स्वीकृत तोकिएको ढाँचामा साना अनुदानको लागि व्यवसाय प्रस्ताव पेश गर्न हुन तोकिएको योग्यता पुगेका सम्बन्धित सवै पोषण समूहहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साना अनुदान कार्यक्रम सञ्चालन हुने क्षेत्रः**
आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोक अन्तर्गतका दोलखा जिल्लाको गाउँपालिकाहरु, कालिञ्चोक गा.पा. वडा १,२,३,४,५,६,७,८,९ र तामाकोशी गा.पा. वडा १,३,४,५,६।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | गाँउपालिका | अनुमानित पुरक अनुदानको संख्या |
|---|---|---|---|
| १ | साना अनुदान कार्यक्रम (पोषण सुरक्षामा सुधार) (अन्य) | कालिञ्चोक गा.पा | १० (दश) |
| | | तामाकोशी गा.पा. | ९ (नौ) |

**साना अनुदानको सिमाः** साना अनुदानको लागि प्रति व्यवसाय प्रस्तावको लागि आयोजनाको तर्फबाट अधिकतम रु ५ (पाँच) लाख सम्म र पोषण समूहको लगानी श्रम वा जिन्सी सामग्री वा नगद योगदान कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ ।

**व्यवसाय प्रस्तावसँग पेश गर्नु पर्ने कागजातहरुः**

१. गाउँपालिकामा पोषण समूहको दर्ता वा नवीकरण गरेको प्रमाण—पत्रको फोटोकपी ।
२. समूहको स्थायी लेखा नम्वर लिएको प्रमाण—पत्रको फोटोकपी (छनौट पश्चात उपलब्ध गराउनु पर्ने) ।
३. समूहले जग्गा भाडामा लिएको भए सम्झौता—पत्रको फोटोकपी ।
४. व्यवसाय प्रस्ताव पेश गर्ने र आयोजनाको साना अनुदानमा सहभागी हुने बारेमा पोषण समूहको बैठकको निर्णय गरिएको माईन्यूटको फोटोकपी ।
५. वातावरणिय र सामाजिक सुरक्षणका मापदण्ड पुरा भएको प्रतिवद्धता पत्र ।
६. समूहको नाममा रहेको बैंक खाता नं. र चेक बुकको फोटोकपी ।
७. आवेदन पेश गर्दा रु. १० (दश) को टिकट टासी पेश गर्ने ।

नोटः

(क) साना अनुदान सम्बन्धी विस्तृत जानकारी तथा प्रस्तावको नमुनाका साथै "साना तथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७७" का लागि कार्यालय समयमा आयोजना क्लष्टर इकाई, सिन्धुपाल्चोकमा र आयोजना क्षेत्रका गाउँपालिकामा कार्यरत सेवा प्रदायक प्राविधिकहरुबाट समेत जानकारी लिन सकिनेछ ।सम्पर्क नं. ९८५११०३१९४ साथै व्यवसाय योजनाहरु छनौट भए नभएको जानकारी आयोजना क्लष्टर इकाईको सूचना पाटीमा हेर्न सकिने छ ।

(ख) यो प्रस्ताव आव्हानमा आयोजना भित्रका आयोजना सम्बन्धक पोषण समूहहरुले मात्र सहभागि जनाउन पाउने छन् ।

(ग) रितपूर्वकको आवेदन सहितको व्यवसाय प्रस्ताव र आवश्यक कागजातहरु पेश भएका व्यवसाय प्रस्तावहरु मात्र कारवाहीको लागि प्रक्रिया अघि बढाइने छ ।